सिरीजङ्घा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

(राजस्व प्रशासन उप-शाखा)

तेल्लोक, ताप्लेजुङ
कोशी प्रदेश, नेपाल

पत्र संख्याः २०८१/०८२
च. नं. १८८३

मितिः २०८२/०३/१५
ने.स. ११४५ दिल्लाथ्व चतुर्थी

**जडिबुटी, कवाडी, जीबजन्तु, कृषिजन्य र वन्जन्य कर उठाउने ठेक्का बन्दोवस्त गर्ने सम्बन्धि अत्यन्त जरुरी सूचना ।**

(पहिलो पटक प्रकाशित मिति: २०८२/०३/१५)

सूचना नं ८९/०८१/०८२

यस सिरीजङ्घा गाउँपालिका ताप्लेजुङको आर्थिक ऐन, २०८२ बमोजिम आगामी आ.व. २०८२।०८३ को लागि जडिबुट्टी, कवाडी, जीवजन्तु र वनजन्य कर संकलन गर्न गाउँपालिकाले शिलवन्दी सिलबन्दी दरभाउपत्र आव्हान सम्वन्धि सूचना प्रकाशित गरेकोले इच्छुक फर्म वा कम्पनीहरुलाई उक्त सूचना बमोजिम शिलवन्दी सिलबन्दी दरभाउपत्रमा भाग लिन सम्वन्धित सबैको जानकारीको लागि ७ (सात) दिने सूचना प्रकाशन गरिएको छ । अन्य जानकारीको लागि यस गाउँपालिकाको वेबसाईट, फेसबुक पेज, सूचना पाटी अथवा राजस्व शाखा प्रमुखको मोबाईल नं ९७६९८१३६०६ मा सम्पर्क गर्न हुन अनुरोध छ ।

| सि. नं. | आय ठेक्का नं. | शिर्षक | ठेक्काको न्यूनतम कूल ठेक्का अंक (मु.अ.क. बाहेक) रु. | दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०१/०८२/०८३ | जडिबुटी, कवाडी, जीबजन्तु, कृषिजन्य र वन्जन्य कर | २,८०,०००।- | १,०००।– (पछि फिर्ता नहुने) | कबोल अंकको ५ % धरौटी राख्नुपर्नेछ |

**शर्तहरुः-**

१. यो सूचना प्रकाशित भएको मितिले ७ (सात) औं दिन (सो दिन विदा परे त्यस पछि कार्यालय खुलेको पहिलो दिन) कार्यालय समय भित्र दरभाउपत्र फाराम खरिद गरी ८ (आठ) औं दिनको १२ बजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ । दर्ता भईसकेपछि दिनको २ बजे सिलबन्दी दरभाउपत्र खोलिनेछ । ठेकेदारका प्रतिनिधि उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन । दरभाउपत्र फाराम खरिद एवं दर्ता गर्ने दिन कुनै सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट सम्म खरिद वा दर्ता गर्न पाईनेछ ।

२. सिलबन्दी दरभाउपत्र पेश गर्ने फम वा कम्पनी भए दर्ता प्रमाणपत्र, नविकरण प्रमाण पत्र र आ.व. २०८०/०८१ सम्मको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि फारम साथ अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

३. सिलबन्दी दरभाउपत्र दाताले आफुले कवोल गरेको कवोल अंकको ५ (पाँच) प्रतिशतले हुन आउने धरौटी वापतको रकम ने.वै.लि. तेल्लोकमा रहेको यस कार्यालयको धरौटी खाता नं. २६१०३००००३००००००००१ मा जम्मा गरेको सक्कल वैंक भौचर वा सिलबन्दी दरभाउपत्र खोलिने मितिबाट कम्तिमा ७५ दिन मान्य अवधि रहेको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त कुनैपनि बैंकबाट यस कार्यालयको नाममा जारी भएको विडबण्ड पेश गर्नु पर्नेछ ।

४. आन्तरिक राजश्व खाता नं २६१०३०००००१००१०००००१ मा सिलबन्दी दरभाउपत्र दस्तुर रकम रु.१,०००।- मात्र (पछि फिर्ता नहुने गरि) वुझाई यस कार्यालयवाट दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

५. जडिबुट्टी, कवाडी, जीवजन्तु र वनजन्य कर/शुल्क/दस्तुरको दर सिरीजङ्घा गाउँपालिकाको आर्थिक ऐन, २०८२ बमोजिम हुनेछ।

६. किस्ताबन्दीमा रकम बुझाउन चाहनेले स्वीकृत ठेक्का रकम बराबरको मान्यता प्राप्त बैंकबाट जारी भएको घटीमा १३ तेह्र महिना अवधि भएको परफरमेन्स बण्ड बुझाई ठेक्का रकम तीन किस्तामा बुझाउन पर्नेछ। किस्ता रकम बुझाउदा पहिलो किस्ता ३५ प्रतिशत, दोस्रो किस्ता ३५ प्रतिशत र अन्तिम किस्ता ३० प्रतिशत रकम कायम गरिएको छ। यसरी किस्ता बुझाउँदा पहिलो किस्ता सम्झौता गर्दाकै बखतमा, दोस्रो किस्ता पुष मसान्तभित्र र अन्तिम किस्ता जेठ मसान्तभित्र बुझाउनु पर्नेछ। एकमुष्ठ रकम बुझाएमा कबोल गरेको रकमको १० प्रतिशत छुट हुनेछ।

७. ठेक्काको अवधि सम्झौता मितिको दिन शुरु भई २०८३ साल असार मसान्तसम्म हुनेछ।

८. यस सम्वन्धमा थप कुरा बुझ्नु परेमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

९. सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१०. यस सूचनामा उल्लेख भए वाहेक अन्य कुराहरु प्रचलित कानुन वमोजिम हुनेछ।

..........................................
डम्बर बहादुर आङ्देम्बे
प्रमुख प्रशासकीय अधिकृत



sirijanghamun.gov.np ००९७७-९८५-२६६०-३३२ sirijangharuralmunicipality@gmail.com

CamScanner